# श्रृजनसिल नेपाली समाज, यूके

# SRIJANSHIL NEPALI SAMAJ UK

(Email: srijanshilnepalisamajuk@outlook.com)
Contact: Mr Bhakta Darji (President): 07411765556

Bhakta Darji
President

Sher Bahadur Sunar
Patron/Founder President

Dil Nepali
Vice-President

Amar Sada Shankar
General Secretary

Subash Pariyar
Treasurer

Milan Bishokarma
Secretary

Executive Members
Nabin Rasaily
Prem Magar
Sujana Sunar
Bikash BK
Amrit Bishokarma
Santosh Bishokarma

## प्रेस विज्ञप्ति

गत जेष्ठ १० गते २०७७ का दिन नेपालको जाजरकोटमा फेरी पनि एक कहालिलाग्दो मानवताविरोधी बर्बर घट्ना घट्यो । १९ वर्षिय नवराज विकको अन्तरजातीय प्रेमका कारण अनाहकै तथाकथित उपल्लो जाती भनाउदाहरुले सम्पूर्ण गाउँ नै उर्लाएर एक दलित युवक र उनका साथीहरुको हत्या गरिएको समाचार छापाहरुमा छरपष्टिएको देख्दा यस श्रृजनसिल नेपाली समाज यूकेको गम्भिर ध्यानाकार्षण भएको छ । उक्त घट्नाको नेपाल सरकारको तर्फबाट निश्पक्ष ढङ्गबाट सत्य तथ्य प्रमाणको छानबिन गरि दोषीलाई हदै सम्मको सजायको माग गर्दछ ।

संविधानले जीवनसाथी छान्ने अधिकार दिएको छ, जात र धर्मको आधारमा विभेद गरिएको छैन तर फरक जातिसँगको प्रेम र विवाहमा समाजको क्रुरत हट्न नसक्नुको कारण नेपाल सरकारका तीनै महत्वपूर्ण अङ्गहरु न्यायपालिका, कार्यपालिका र व्यस्थापिकाको असक्षमता दलित समुदाय प्रतिको पूर्वाग्रहिले गर्दा नै हो भन्ने हाम्रो ठम्याई छ ।

नेपालको कानुनले जातीय आधारमा छुवाछुतलाई दण्डनीय अपराध गरेको ५७ वर्ष भएको छ । मुलुकी ऐन ०२० ले नै छुवाछुत दण्डनीय भनेको छ । कानुनी रुपमा मात्र होइन, व्यवहारमा पनि अब छुवाछुतको व्यवहार हुनेछैन भनेर संसदले २१ जेठ २०६३ मा नेपाल छुवाछूतमुक्त राष्ट्र घोषणा गरेको थियो । तर, व्यवहारमा भने प्रेम गर्ने युवायुवतीले दुव्यवहार सहनुपर्ने मात्र होइन, ज्यानै गुमाउनुपर्ने अवस्था अहिले पनि छ ।

यसै सन्दर्भमा श्रृजनसिल नेपाली समाज यूके, नेपाली राजदुतावास यूके मार्फत नेपालमा अझै पनि सरकार सबै नेपाली जनताका लागि समान रहेको प्रत्याभुति दिलाउन, दोषीलाई कडा भन्दा कडा कारबाही गर्न र मृतक नवराज विकलाई साँस्कृतिक सहिद घोषणा गर्न जोडदार माग गर्दछ ।

| | | | |
|---|---|---|---|
| भक्त दर्जी | दील नेपाली (मिजार) | अमर सदाशंकर (विक) | शेर सुनार |
| अध्यक्ष | उपाध्यक्ष | महासचिव | एनआरएन पूर्व उपाध्यक्ष<br>विशेष संरक्षक/पूर्व अध्यक्ष |